म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०० सोमबार ४ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 20 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कृषि, पर्यटन र खेलकुदलाई जोड्न नरिवल खेती

हेटौंडा, ३ मंसिर/लोपोन्मुख र सीमान्तकृत जाति वनकरियाको बासस्थान रहेको एकमात्र वडा हो, मनहरी गाउँपालिका-४ । वडा कार्यालयले वनकरिया वस्ती नजिकै रहेको नदीउकास जग्गामा नरिवल खेती गरेको छ । नदीउकास क्षेत्रको सार्वजनिक जग्गामा फुटबल मैदान निर्माण गरिएको छ भने योसँगै १२०० थान नरिवलको बिरुवा रोपिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र वडाको करिब ११ लाख रुपैयाँ बजेटबाट नरिवलको बिरुवा रोपिएको हो । करिब ४ विघाको सार्वजनिक जग्गामा नरिवल खेती सुरु गरिएको वडाअध्यक्ष प्रकाश थापाले बताए । नरिवलले नदीउकास जमिनको संरक्षण हुनुका साथै बस्ती जोगाउन र यो क्षेत्रको आयआर्जनमा सहयोग पुग्ने वडाध्यक्ष थापाको भनाई छ । जिल्लामै पहिलोपटक सुरु गरिएको नरिवल खेतीलाई निरन्तरता दिने गाउँपालिकाको नीति रहेको छ । नरिवल रोप्नका लागि बजेट विनियोजन भइ कार्यान्वयनको चरणमा रहेको थापाले बताए ।

# मकवानपुरमा बन्दैछ 'फास्ट ट्र्याक'को सुरुङ र अग्ला पुल

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ अधिकांश भूभाग मकवानपुरमा पर्ने राष्ट्रिय गौरवको काठमाडौं-तराई मधेस सडक आयोजना (फास्ट ट्र्याक)को सुरुङ निर्माण तीव्रताका साथ अघि बढेको छ ।

मकवानपुरको 'समृद्धि ढोका' भनिने फास्ट ट्र्याक बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकामा पर्दछ । आयोजना अन्तर्गत मकवानपुरको भीमफेदीस्थित महादेवटार, धेद्रे र बकैयाको लेनडाँडामा सुरुङ र अग्ला पुल निर्माण भइरहेका छन् । अनेकौं बाधा अड्चन र चुनौतीकाबीच राष्ट्रिय गौरवको काठमाडौं-तराईर मधेस सडक आयोजना (फास्ट ट्र्याक) निर्धारीत समयभित्रै सम्पन्न गर्ने गरी निर्माणलाई तीव्रता दिइएको हो । नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको मुलुकको सर्वाधिक प्राथमिकतामा रहेको यो आयोजनाको भौतिक प्रगति २७ दशमलव १९ र वित्तीय प्रगति २९ दशमलव ३२ प्रतिशत छ ।

नेपाली सेना, विकास निर्माण निर्देशनालयका सहनिर्देशक प्राविधिक महासेनानी विश्वबन्धु पहाडीले यो आयोजना निर्धारित मितिमा सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको बताए । आयोजनाको मुख्य चुनौतीका रुपमा लिइएको सुरुङ र अग्ला विशिष्ट प्रकृतिका पुल निर्माण लक्ष्यअनुरुप र उत्साहजनक ढंगले प्रगति भइरहेको पहाडीको भनाइ छ । मकवानपुरको महादेवटार, धेद्रे र लेनडाँडा सुरुङ र अग्ला पुल निर्माण भइरहेको पहाडीले जानकारी दिए ।



हालसम्म निर्माणाधीन सुरुङको कुल लम्बाइ ६ दशमलव ४ सय १५ किलोमिटरमध्ये तीन दशमलव १ सय ३५ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको आयोजनामा संलग्न प्राविधिक प्रमुख सेनानी विनोद श्रेष्ठले जानकारी दिए । उनका अनुसार ३ दशमलव ३ सय ५५ किलोमिटर लामो महादेवटार सुरुङमा एक दशमलव ४ सय ९० किलोमिटर निर्माण भएको छ । यस्तै एक दशमलव ६३ किलोमिटर लम्बाइको धेद्रे सुरुङमा ८ सय ६ मिटर तथा एक दशमलव ४३ किलोमिटरको लेनडाँडा सुरुङमा ८ सय ५७ मिटर निर्माण भइरहेको हो ।

सुरुङमार्गको दुवैतर्फबाट खन्ने र सँगसँगै 'फिनिसिङ' गर्ने काम भइरहेको छ । गहिरा खोचमा अग्ला प्रकृतिको पुल निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको प्राविधिक प्रमुख सेनानी श्रेष्ठले जानकारी दिए । आयोजनाअन्तर्गत हालसम्म ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका प्याकेज नम्बर १ देखि ५ सम्मका ४५ वटा पुलको डिजाइन सम्पन्न भएको र एक हजार सात सय ६८ 'पाइल'मध्ये एक हजार एक सय ७५ पाइल निर्माण भइसकेको सेनाले जनाएको छ । द्रुत मार्गमा ८२ मिटर अग्ला 'टावर' तथा चार सय मिटरभन्दा लामा पुल निर्माण हुनेछन् ।

सेनाले उक्त आयोजनालाई निर्धारीत समयमै सम्पन्न गर्नेगरी १३ वटा प्याकेज बनाई निर्माणलाई अगाडि बढाएको छ । प्याकेज नम्बर १ देखि ७ सम्मका प्याकेज निर्माणाधीन अवस्थामा छन् । आयोजनाको पुरक विस्तृत परि योजना प्रतिवेदन समयमै स्वीकृत नहुँदा आयोजनाको बाँकी जग्गा अधिग्रहण एवं वातावरणीय प्रभाव मूल्यांकन तथा रुख कटानमा जटिलता थपिएको सेनाले जनाएको छ । यसअघि स्वीकृत विस्तृत परि योजना प्रतिवेदन 'डिपिआर'मा आयोजनाको दुवैतर्फका प्रवेशबिन्दु तथा विश्रामस्थलमा इन्टरचेञ्ज तथा टोल प्लाजाको व्यवस्था नभएकाले सेनाले पूरक विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पठाएको थियो ।

सरकारले विसं २०७४ वैशाख २१ गते काठमाडौं र तराई-मधेसलाई जोड्ने यो रणनीतिक आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिने निर्णय गरेको थियो । विसं २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढबाट यो आयोजनाको शिलान्यास गरेका थिए । सरकारले गत असोज ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत गरेको थियो । डिपिआरअनुसार द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९ सय ७७ किलोमिटर रहेको छ । आयोजनामा ६ वटा सुरुङमार्ग रहेका छन् । सुरुङमार्गको कुल लम्बाइ १० दशमलव ०५५ किलोमिटर रहेको छ ।

देविचौरमा एक, सिसौटारमा शून्य दशमलव ३९, चन्द्रामभिरमा दुई दशमलव २५, महादेवडाँडामा तीन दशमलव ३ सय ५५, धेद्रेमा एक दशमलव ६ सय ३० र लेनडाँडामा एक दशमलव ४ सय ३० किलोमिटर लामा सुरुङ निर्माण हुनेछन् । अहिले महादेवडाँडा र लेनडाँडामा सुरुङ निर्माणको काम तीव्रगतिमा अगाडि बढिरहेको छ । द्रुतमार्ग 'एसियन हाइवे' मापदण्डको हुनेछ । सो सडकमा दुईपाङ्ग्रे सवारी गुडाउन निषेध गरिनेछ । आयोजनामा १२ दशमलव ८ सय ८५ किलोमिटर लम्बाइका विभिन्न ८९ वटा पुल निर्माण गरिनेछ । मकवानपुरको बुदुनेमा सडकको दुवै किनारामा दुई विश्रामस्थल हुनेछन् । ती विश्रामस्थलमा पेट्रोलपम्प, शौचालय, होटललगायतका सुविधा रहनेछ ।

द्रुतमार्गमा खोकना, बुदुने र निजगढमा प्रवेश गर्न र बाहिरि नसक्ने 'इन्टरचेञ्ज'को व्यवस्था हुनेछ । सडकमा ती स्थानबाहेक अन्य स्थानमा प्रवेश गर्न र निस्कन पाइने छैन । यस्तै यो सडकमा गुड्ने सवारीको शुल्क उठाउने प्रयोजनका लागि खोकना, बुदुने र निजगढमा एक/एक वटा 'टोल प्लाजा' हुने सेनाले जनाएको छ । कूल एक घण्टा दुई मिनेटमा खोकनादेखि निजगढसम्मको यात्रा गर्न सकिनेछ । आयोजना वि.सं २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

# हेटौंडा-इनरुवा प्रसारण लाइनको निर्माण छिटो सक्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ मुलुकभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा चारसय केभी डवल सर्किट प्रसारण लाइन आयोजना निर्माणमा अवरोधै अवरोध रहेको छ । झन्डै नौ वर्षअघिदेखि निर्माण सुरु भएको यो आयोजनामा भइरहेको अवरोधका कारण अझैसम्म सम्पन्न हुन सकिरहेको छैन ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार प्रसारण लाइनको तारमुनिको जग्गाको मुआब्जा वितरणका लागि मात्रै पाँच अर्ब रुपैयाँ बराबरको बजेट आवश्यक छ । यस्तै, निर्माण व्यवसायीलाई थप पाँच अर्ब रुपैयाँ बराबरको बजेट आवश्यक देखिएको छ ।

यस आधारमा यो आयोजनाका लागि कूल १० अर्ब रुपैयाँ बराबरको थप बजेट आवश्यक देखिएको उनले जानकारी दिए । प्रसारण लाइनको दायाँबायाँ ४६ मिटर रहने भएकाले पनि मुआब्जा बापतका लागि ठूलो बजेट जरुरी रहेको छ । अवरोधै अवरोधका कारण आयोजनालाई गति दिन समस्या भएको छ ।

आगामी चार महिनाभित्र यो प्रसारण लाइन आयोजना निर्माण सम्पन्न गर्नैपर्ने बाध्यतामा प्राधिकरण रहेको छ । 'जताततै समस्या छ, समाधानका लागि गरिएको प्रयाससमेत सार्थक हुन सकेको छैन',- कार्यकारी निर्देशक घिसिङले भने, 'सप्तरी र सिरहामा नापी र मालपोत कार्यालयले समेत आवश्यक सहजीकरण नगरिदिएका कारण झनै समस्या भएको छ ।'

मकवानपुरको हेटौंडा-११ थानाभयाङ सवस्टेसनबाट सुरुभई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा जोडिने प्रसारण लाइन १० वटा जिल्ला पार भएर जान्छ । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, वनक्षेत्रको जग्गा प्रयोग तथा रुख कटानको स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादन लगायत कारणले निर्माण ढिला भएको हो । स्थानीय अवरोध खुलाइ निर्माणका लागि प्राधिकरणले गरिरहेको प्रयास पनि सफल हुन सकिरहेको छैन ।

रणनीतिक महत्वको प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसक्दा कूल चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् धनुषास्थित ढल्केवर सवस्टेसनबाट लाइन क्षमता अभावमा पश्चिमतर्फ पठाउन सकिएको छैन । अहिले ढल्केवरबाट पश्चिमतर्फ एक सय ३२ केभी प्रसारण लाइन मात्रै चालु अवस्थामा छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने दुई सय ८८ किलोमिटर प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये सातसय ५७ टावरको जग हालिएको छ भने सात सय ५० खडा गरिएको छ । रुख कटानको स्वीकृतिमा भएको ढिलाइ र स्थानीयको अवरोधका कारण बाँकी टावरहरुको निर्माण हुन सकेको छैन । सबै टावर खडा गरिसकेपछि ठेकेदार कम्पनीले तार तान्न सुरु गर्नेछ ।

हेटौंडा उपमहानगर पालिका-१५, १६ र १७ स्थिति हटिया क्षेत्रका बासिन्दाको अवरोधका कारण निजी जग्गामा पर्ने १४ वटा टावरको निर्माण सुरु हुन सकेको छैन । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले यो प्रसारण लाइन निर्माणमा भइरहेको प्रगतिका बारेमा चासो व्यक्त गरेका छन् । उनले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई आवश्यक समन्वय गरेर तत्काल निर्माण सम्पन्न गर्ने निर्देशन दिए । उनले स्थानीय सुरक्षाकर्मीको सहयोग लिन र प्रशासनसँग मिलेर काम गर्न निर्देशन दिए ।

स्थानीयले प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै सामुदायिक वनमा पर्ने टावरसमेत निर्माण गर्न दिएका छैनन् भने निर्माण गरिएका दुईवटा टावर सार्न माग गरिरहेका छन् । उनीहरुले प्रसारण लाइन मानव बस्तीबाट नलगी जंगलबाट लैजानुपर्ने माग गरेका छन् । आयोजनाले भने सबै प्रक्रिया पूरा गरी डिजाइन गरिएकाले अहिले आएर रुट परिवर्तन गर्न नसकिने प्रस्ट पार्दै आएको छ ।

'माथिल्लो तामाकोशीको बिजुली ढल्केबरबाट पश्चिमतर्फ ल्याउन नसक्दा यता नपुग्ने उता खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था छ । यस्तो अवस्थाको अन्त्य गर्न यो लाइन जतिसक्दो छिटो निर्माण गर्नुपर्ने छ', कार्यकारी निर्देशक घिसिङले भने । स्थानीयले सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर र सिरहाको लहान पडरिया क्षेत्रमा पनि प्रसारण लाइन निर्माणमा अवरोध गरेका छन् ।

हेटौंडा-ढल्केबर-इनरुवा चारसय केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्रविन्दुबाट दायाँबायाँ २३-२३ मिटर हुनेछ । यो प्रसारण लाइन निर्माणपछि मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापार सहज हुने अपेक्षा गरिएको छ ।

# १२ वर्षे जात्राको नाचमा संलग्नलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/कला संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धनको उदेश्यले सञ्चालित कुन्छाल गाँउको १२ वर्षे जात्रामा संलग्न ब्यक्तिलाई सम्मान गरिएको छ ।

बिहिबाार ऐतिहासिक टिस्टुङ उपत्यकाको बाराहीखटमा आयोजित १२ बर्षे नाच प्रदर्शन कार्यक्रमको अवसर पारी नाचमा संलग्नलाई सम्मान गरिएको हो । उपत्यकाको पुराना जाति गोपालीको बसोबास रहेको कुन्छाल गाँउको १२ वर्षे देवीगण नाच हरेक १२ वर्षको अन्तरमा प्रदर्शन हुनेगर्छ । थाहा नगरपालिका-१ का गोपाली जातिको आफ्नै मौलिक संस्कृति र परम्परा रहेको छ ।

नाच आयोजक टिमका मुख्य व्यक्ति धामी, कजि, देवीगण, कलाकार, बाजागुरुलगायत सबै सहयोगीलाई माला र टीका, पूजासहित सम्मान गरिएको हो । उनीहरुलाई हलि नेवा गुठीका राष्ट्रिय अध्यक्ष विनोद महर्जन, पर्यटन तथा संस्कृति मन्त्रालयका पूर्वमन्त्री दिलिप महर्जन, टिस्टुङ बज्रवाराही नेवा पुच:का अध्यक्ष हरि गोपाल श्रेष्ठ, नारायण महर्जन, बैकुण्ठ श्रेष्ठलगायतले सम्मान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि पूर्वपर्यटनमन्त्री दिलिप महर्जन थिए । कार्यक्रममा हलि नेवा गुठी टिस्टुङ शाखाका अध्यक्ष नरहरि गोपाली, विष्णु गोपाली, राजभाइ श्रेष्ठ, भरत गोपाली, हलि नेवा गुठी रविभवन शाखाका अध्यक्ष विमला महर्जन, कमला महर्जन, गुरुहरु श्रीराम महर्जन, बाबुलाल श्रेष्ठ, महेश्वर महर्जन, सुनिल महर्जन, कृष्णबहादुर महर्जन लगायतको उपस्थिति रहेको थियो ।

# मनहरीमा मनाइयो छठपूजा

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी बजारमा पनि छठपूजा गरिएको छ । अस्ताउँदो सूर्यलाई अर्घ दिएर यहाँका मधेसी समुदायले छठपर्व मनाएका हुन् ।

मनहरी पुलमुनि व्यवस्थित गरिएको छठपूजामा मधेसी समुदायका अलावा मनहरीका लब्धप्रतिष्ठित ब्यक्तिहरु पनि सहभागी थिए । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका सभापति गणेशमान मानन्धर, पूर्वअध्यक्ष नारायण सुवेदी, मनहरी खेलकुद विकास समितिका अध्यक्ष बीरु लामा, मनहरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बिष्णुप्रसाद भट्टसहितका पदाधिकारीहरु,




सानाकिसान कृषि सहकारी संस्थाका प्रबन्धक ज्योति सुवेदी, मनहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष भुवनकुमार जोशीलगायत व्यावसायिक संघसंस्थाका प्रतिनिधि छठपूजामा सहभागी थिए ।

पूजामा सहभागीले छठीमाताले मधेसी समुदायको मात्र नभई समग्र नेपालीको सुख, समृद्धि र उन्नतिको कामना गरेका छन् । पूजामा पञ्चेबाजाको समेत व्यवस्था गरिएको थियो । मनहरी छठपूजा समितिले पूजाको आयोजना तथा व्यवस्थापन गरेको हो । आज कात्तिक ४ गते सोमबार बिहान उदाउँदै गरेको सूर्यलाई अर्घ दिएर पूजा गरेपछि छठपर्व विधिबत रुपमा समापन हुनेछ ।

# चौघडामा ट्रकको ठक्करबाट महिलाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/हेटौंडा उपमहानगरपालिका-६, चौघडामा आइतबार मालबाहक ट्रकले ठक्कर दिँदा एक महिलाको मृत्यु भएको छ ।

ट्रकको ठक्करपछि महिलाको मृत्यु हुँदा स्थानीय आन्दोलित भएका थिए । स्थानीयले कान्तिलोकपथ सडक अवरुद्ध पारेका थिए । ट्रकको ठक्करबाट हेटौंडा-६, चौघडा बस्ने ३६ वर्षीया नीरा बजगाईंको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बजागाईंलाई कान्तिलोकपथअन्तर्गत चौघडाको शान्तिटोलमा शिवम सिमेन्ट उद्योगबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना ७ ख १८१६ ट्रकले ठक्कर दिएको बताए ।

पैदलयात्रा गरिरहेकी बजगाईंको घटनास्थलमै मृत्यु भएको डिएसपी भण्डारीले बताए । बजगाईंको मृत्युपछि आक्रोशित बनेका स्थानीयले कान्तिलोकपथ अवरुद्ध गरेका हुन् । सडक खुलाउन घटनास्थलमा करिब एकसय जना सशस्त्र र जनपथ प्रहरी परिचालन गरिएको थियो ।

पीडितपक्ष र स्थानीयले घटनाको छानबीन गरी दोषीलाई कारबाही गर्नुपर्ने र उचित क्षतिपूर्ति दिनुपर्ने माग राखेका छन् । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जनाता झुक्याउने सुरुङमार्ग

लामो समयदेखि स्थानीयलाई झुक्याउने एजेण्डा मात्र बनेको छ भीमफेदी-कुलेखानी सुरुङमार्ग । राजनीतिक दलहरुका लागि चुनावमा भोट माग्ने गतिलो एजेण्डा मात्र बनेको छ सुरुङमार्ग । नेपालमा निजी क्षेत्रले सार्वजनिक निजी साझेदारी (पीपीपी मोडल) मा हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं सुरुङमार्ग बन्ने आशामा स्थानीयले कुखुरा र खसीबोका बेचेर संस्थापक सेयर खरिद गरेका थिए । झण्डै १ हजार ७ सय जनाले संस्थापक सेयरबापत करिब ३० करोड रुपैयाँ नेपाल पूर्वाधार विकास कम्पनीलाई बुझाए । एक दसक अघिको ३० करोड रुपैयाँ भनेको धेरै ठूलो रकम थियो स्थानीयका लागि । त्यो पनि आफ्नो भकारीको धान र गोठको पशुबस्तु बेचेर जम्मा गरेको रकम । त्रिपुरेश्वरको ट्रेड टावरमा तामझामसहितको कार्यालय खोलेका पूर्वाधार विकास कम्पनी अहिले कुन कुनामा छ अत्तोपत्तो छैन । हेटौंडाको ओमभवन र सिस्नेरीको टेकरमा पनि कार्यालय खोलेर आफ्ना कार्यकर्तालाई सर्वसाधारणको पैसा असुली गर्न राख्यो कम्पनीले । तत्कालीन अवस्थामा ३५ अर्ब रुपैयाँको परियोजना संचालन गर्न स्थापना गरेको पूर्वाधार विकास कम्पनीका मुख्य संचालकको लगानी भने नगण्य मात्र थियो ।

कम्पनीले सर्वसाधारणलाई राम्रैसँग झुक्यायो । पछिल्लो समयमा बागमती प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलकै पालामा भीमफेदीबाट कुलेखानीसम्म सुरुङमार्ग निर्माण गर्न प्रदेशको गौरवको आयोजनाको रुपमा सम्भाव्यता अध्ययन, डीपीआर निर्माण लगायतको काम सुरु भएको चर्चा गरियो । ३ वर्षसम्म पौडेलले सरकारको नेतृत्व गरे । तर, सुरुङमार्ग निर्माणमा ठोस काम अघि बढ्न सकेन । यो योजना अहिले अलपत्र अवस्थामा छ । त्यसो त प्रदेश राजधानी हेटौंडालाई काठमाडौंसँग छोटो दुरीमा जोड्ने गरी यो सुरुङमार्गको चर्चा तीन दसक अघिदेखि नै सुरु भएको हो । भीमफेदी-कुलेखानी सुरुङमार्ग नेपाल पूर्वाधार विकास कम्पनीले निर्माण गर्ने गर्ने भनेर शिलान्यासको नाटक मञ्चन समेत गरियो । कम्पनीले स्थानीयबासीलाई सेयर वितरण गरी नागरिकसँग करोडौं रुपैयाँ असुल गरेको थियो । शिलान्यास भइसकेको यो सुरुङ निर्माणको काम अझै हुन सकेको छैन । सुरुङ निर्माणस्थलमा थोत्रा मेसिनहरु पनि झारियो । साँच्चै सुरुङमार्ग निर्माण हुन्छ भन्ने भ्रमको खेती पनि गरियो । हाल सुरुङमार्गको योजना परिमार्जन गरिएको छ । भीमफेदी-कुलेखानी (पोष्टबहादुर बोगटी) सुरुङमार्गलाई परिमार्जन गरी बल्खु-हेटौंडा सुरुङमार्ग नामकरण गरिएको छ । हाल यो सुरुङमार्गको अध्ययनका लागि न बजेट छ, न प्रस्थान तथा अन्तिम बिन्दु तोकिएको छ । सुरुङमार्ग निर्माणका लागि प्रदेश सरकारले विगतको ३ आर्थिक वर्षमा गरी करिब डेढ करोड रुपैयाँ खर्च गरेर डीपीआर तयार गरेको थियो । तर, डीपीआर अहिले मन्त्रालयको दराजमा थन्किएको छ । निर्माण गर्नु नै थिएन भने किन डीपीआरको नाटक भयो ? भन्ने बिषयमा अहिले स्थानीयबासीमा खुल्दुली चलेको छ ।

सुरुङमार्गको डीपीआर निर्माणका लागि इटेको नेपाल प्रालिलगायत ७ वटा परामर्शदाताले फरकफरक विषयमा सुरुङमार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए । टेण्डर निकाल्ने प्रक्रिया केही बाँकी रहेको अवस्थामा मुख्यमन्त्री राजेन्द्र पाण्डे नेतृत्वको सरकारले भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माणकार्य स्थगन गरेको थियो । भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्यमा प्रदेश सरकारको १ करोड ३८ लाख ५५ हजार रुपैयाँ खर्च भइसकेको छ । सुरुङमार्ग निर्माण कार्य नहुने भएपछि साढे एक करोड खर्चिएर बनाइएको डीपीआर अभिलेखका रुपमा मन्त्रालयमा थन्किएको छ । हालको अवस्थामा सुरुङमार्गको लागत करिब २० अर्ब रुपैयाँ लाग्ने देखिएको मन्त्रालयले जनाएको छ । डीपीआरअनुसार ११ मिटर चौडाइको ३२ सय २० मिटर र ३२ सय ७० मिटर लम्बाइको दुईवटा सुरुङमार्ग बनाउन करिब १९ अर्ब ३२ करोड रुपैयाँ लाग्ने अनुमान छ । एकतर्फी रुपमा सवारी सञ्चालन गर्ने गरी दुईवटा सुरुङ निर्माण ४२ महिनामा सम्पन्न हुने डीपीआरमा उल्लेख छ । सुरुङमार्ग निर्माणको योजना आर्थिक वर्ष २०७६/७७ बाट प्रदेशको गौरवको योजना र रातो किताबमा समावेश हुँदै आएको थियो । पहिलो वर्ष डीपीआर बनाउन १ करोड ३० लाख रुपैयाँ खर्चिएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले विनियोजन गरेको १ अर्ब रुपैयाँ फ्रिज भएको थियो । निजी क्षेत्रको पूर्वाधार विकास कम्पनीले भुक्याएर निराश भएका स्थानीयबासीलाई बागमती प्रदेश सरकारले निर्माण गर्ने आशा पलाएको थियो । तर, बागमती प्रदेश सरकारले पनि डीपीआर दराजमा थन्क्याएपछि स्थानीयमा पुन निराशा बढेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ५ गते मंगलबार, २१ नोभेम्बर २०२४ । नवमी, कात्तिक कृष्णपक्ष । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३०, सूर्यास्त ५:०८ । टेलिभिजन दिवस । सत्ययुगादि । कुष्माण्ड नवमी । सक्व चंगु वने । हेटौंडामा कुष्माण्ड सरोवरमेला ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाँ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# नेपालको वातावरणीय चुनौती र विपद् जोखिम व्यवस्थापन



✍ डा. रुद्र अर्याल



एनआरएन अन्तर्राष्ट्रिय कमिटीले हरेक दुई वर्षमा नेपाल र नेपाल बाहिर रहने नेपाली विज्ञहरूको टोलीलाई सहभागी बनाई विभिन्न विषयमा अन्तर्राष्ट्रियस्तरको ज्ञान सम्मेलन गर्दै आएको छ । आफ्नै लगानीमा यो सम्मेलन गरेर एनआरएनले नेपाल भित्र र बाहिरका नेपाली विज्ञहरूलाई एकै ठाउँमा ल्याई नेपालको प्रत्यक्ष विकाससँग जोड्न एक महत्वपूर्ण काम गरेको छ ।

यही सम्मेलन अन्तर्गत नेपालको वातावरणीय चुनौती र विपद् जोखिम व्यवस्थापन सम्बन्धमा भएको सेमिनारको अध्यक्षता गर्ने अवसर मलाई मिलेको थियो । यस लेखमा विशेषगरी वायु प्रदूषण, प्रदूषणबाट हिमालयमा परेको प्रभाव, सीमापारिका देशहरूबाट नेपालमा हुने वायु प्रदूषण र विपद् जोखिम व्यवस्थापन जस्ता नेपालले सामना गरिरहेका केही प्रमुख समस्याको बारेमा छोटो विश्लेषण गरिएको छ ।

थोरै क्षेत्रफल ओगटे पनि तराई, पहाड र हिमालमा विभाजित नेपालका आफ्नै मनमोहक परिदृश्य र समृद्ध सांस्कृतिक सम्पदाको उपस्थितिले गर्दा विश्वका विश्वविद्यालयदेखि सरकारी केन्द्रहरूसम्मका लागि वातावरणीय प्रभाव र सांस्कृतिक अवस्थाको विश्लेषण गर्न नेपाल प्रमुख रूपमा छनोट क्षेत्रमा पर्ने गरेको छ ।

म आफू पनि लामो समयदेखि नेपालको वायु प्रदूषणको अध्ययनमा संलग्न भएको छु । सँगै लामो समय अमेरिकादेखि विश्वका विभिन्न क्षेत्रहरूका वातावरणीय परिस्थितिहरूको अनुसन्धान गरेकोले पनि मलाई यो निष्कर्ष निकाल्न अप्ठेरो लाग्दैन कि- हाम्रो देश प्राकृतिक रूपमा राम्रो हुँदाहुँदै पनि असंख्य वातावरणीय चुनौतीबाट मुक्त छैन । त्यसैले यो विषय अति नै संवेदनशील छ र यसमा तत्काल ध्यान दिन आवश्यक छ ।

### वायु प्रदूषण: हिमालहरू झन् जोखिममा

शहरीकरण, औद्योगीकरण र सवारी साधनको वृद्धिले गर्दा नेपालको वायु प्रदूषणको समस्या अझ बढी विकराल हुँदै गइरहेको छ । शहरी क्षेत्रहरूमा सवारी साधन र औद्योगिक गतिविधिको बाक्लो उपस्थितिले वायुमण्डलमा धूलाका कणहरू प्रदूषकको रूपमा छन्, जसले आम जनताको स्वास्थ्य र वातावरणीय परिस्थितिमा प्रतिकूल असर पारेको देखिन्छ ।

अझ विशेषगरी नेपालका शहरी क्षेत्रहरूका बाटाघाटाहरूको मर्मत समयमा नहुँदा धुलाको समस्या अझ बढी भएको देखिन्छ । यस समस्याको गम्भीरतालाई प्रभाव पर्ने गरी नेपाल सरकारले प्रदूषण नियन्त्रणका लागि यातायात क्षेत्रका नियमहरू परिमार्जन गर्ने गरेको छ ।

यस्तै प्रदूषण नियन्त्रण मापदण्ड लागू गर्ने जस्ता कडा कदम चालेको पनि छ । तर, यी विषयमा सबै पक्षले गम्भीरतापूर्वक नलिएको देखिन्छ । अहिले आएर विभिन्न विकसित देशहरूले कडाइका साथ वायु प्रदूषणबाट बच्न र कम गर्न विभिन्न मापदण्ड प्रयोगमा ल्याएका छन् भन्ने तथ्यलाई हामीले पनि स्वीकार गर्नुपर्छ ।

तीमध्ये भारत, चीन लगायत विश्वका धेरै देशमा घर र कार्यालयहरूमा उच्च-दक्षता कण वायु फिल्टरहरू सहितका एयर प्युरिफायरहरूको प्रयोग गर्दै हावाबाट सूक्ष्म कणहरू र प्रदूषकहरू हटाई घरभित्रको हावाको गुणस्तरमा व्यापक सुधार गरिएका छन् ।

त्यसैगरी उद्योगहरूले निकाल्ने प्रदूषणलाई नियन्त्रण गर्न प्रभावकारी प्रविधिको रूपमा इलेक्ट्रोस्टेटिक प्रिसिपिटेटरहरू प्रयोग गरिएको छ । जसले गर्दा उद्योगहरूका ग्याँसबाट निस्केका प्रदूषित कणहरू इलेक्ट्रोस्टेटिक चार्ज प्रयोग गरी हटाई वायु प्रदूषण कम गर्ने गरिएका छन् ।

त्यहाँ रूखहरू व्यापक रूपमा रोपेर 'हरित बेल्ट' विकास गर्दै वातावरणीय सुन्दरता विकास गरिएका छन् । गाडीबाट निस्कने प्रदूषणको मात्रालाई कडाइका साथ लागु गर्दै लगिएको छ । शहरको बीचमा ठूला ठूला एअर-फिल्टरहरू राखेर हावालाई स्वच्छ बनाउने र विद्युतीय सवारी साधनहरूलाई प्रोत्साहन गरिएका छन् । वायु प्रदूषणको नकारात्मक असर बारे जनचेतना जगाउने र शहरका चोकहरूमा प्रष्ट रूपमा प्रदूषणको मात्रा देखिने गरी उपकरणहरू राखिनुपर्ने विषयमा छलफल भइरहेका छन् ।

आन्तरिक प्रदूषण बाहेक नेपालले सीमा बाहिरबाट नेपालसम्म आइपुग्ने प्रदूषणहरूको समेत प्रभाव झेलिरहेको छ । यस सम्बन्धमा करिब दुई वर्ष पहिला म सहित अन्तर्राष्ट्रिय अध्ययन टोलीको एउटा अनुसन्धान पत्र अन्तर्राष्ट्रिय वैज्ञानिक शोधपत्रमा समेत प्रकाशित भएको थियो ।

सन् २०१७ को डेटालाई आधार मानेर गरिएको सो अध्ययन अनुसार विन्टर र प्रि-मनसुन समयमा -डिसेम्बरदेखि मे महिनासम्म) मा विशेषगरी अरबियन र पाकिस्तानको विभिन्न भागबाट इन्डियाको पश्चिम उत्तर क्षेत्र हुँदै नेपालमा वायु प्रदूषण प्रवेश गरेको भेटिएको थियो । यस्तै मनसुनको समयमा (जूनदेखि सेप्टेम्बरसम्म) विशेषगरी इन्डियाको 'बे अफ बङ्गाल' देखि इन्डियाकै उत्तर-पूर्वी क्षेत्र हुँदै नेपालको दक्षिण-पूर्वी भागबाट नेपाल प्रवेश गरेको देखियो ।

त्यसैगरी पोस्ट मनसुन सिजनमा (अक्टोबर-नोभेम्बर) भने हावाको गतिमा केही कम भएको, इन्डियाको उत्तर पूर्वी क्षेत्र र बंगलादेशको प्रदूषण अनि नेपालको आन्तरिक प्रदूषणहरूको प्रभाव हिमालसम्म पुगेको देखिएको थियो ।

यसरी छिमेकी राष्ट्रहरूबाट उत्पन्न हुने अन्तरदेशीय वायु प्रदूषणले नेपालमा वायुको गुणस्तरमा समस्या थपेको प्रष्ट रूपमा देखिन्छ । नेपाल सरकारले यो प्रदूषणको आवागमनमा सम्बोधन गर्न क्षेत्रीय सहयोगको नीतिका लागि समन्वयात्मक प्रयास गर्नु अति आवश्यक देखिन्छ ।

संयुक्त राष्ट्रसंघका फोरमहरूमा हुने छलफलहरूमा समेत छिमेकी राष्ट्रहरूका कारणले व्यहोर्नुपर्ने प्रदूषणको समस्यालाई विशेष महत्व दिएर उठाउने काम भइरहेको छ र पीडित देशहरूले क्षतिपूर्ति समेत पाउनुपर्ने 'क्लाइमेट जस्टिस' को रूपमा समेत ठूलो आवाज उठिरहेको छ । यसमा अझ विशेष पहल र कूटनीतिक संलग्नताको आवश्यकता देखिन्छ ।

नेपालको जलवायु सन्तुलनमा हिमालय क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ । विभिन्न समयमा भएका वैज्ञानिक अध्ययनहरूबाट नेपालभित्रकै प्रदूषण, हिमाल चढ्दा फालिने वस्तुहरूको प्रभाव र छिमेकी देशहरूबाट हावा मार्फत आउने कार्बन लगायत विभिन्न मेटालिक कणहरूले गर्दा हिमाल पग्लने खतरा एकदमै बढेको देखिन्छ ।

यसमा पनि विश्वव्यापी बढ्दो तापक्रमले गर्दा हिउँ पग्लँदै जाने र कालान्तरमा हिमनदीहरू सुक्ने, वर्षाको ढाँचामा परिवर्तन हुने जस्ता विषम परिस्थितिले गर्दा हिमाली क्षेत्रमा बसोबास गर्नेहरूको जीविकोपार्जनमा प्रत्यक्ष खतरा निम्त्याउने जोखिम छ । यसले हिमाल भन्दा तलका क्षेत्रहरूमा समेत दूरगामी प्रभावहरू पार्ने देखिन्छ । यी प्रभावहरूको अनुगमन र न्यूनीकरण गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रयासहरू बढाउनुपर्ने खाँचो छ ।

### विपद् जोखिम व्यवस्थापन

नेपालको भौगोलिक विविधताले भूकम्प, पहिरो, बाढी लगायत विभिन्न प्राकृतिक प्रकोपहरूले समग्र सुरक्षा प्रणालीलाई नै अति संवेदनशील बनाएको देखिन्छ । हालैका वर्षहरूमा देशले विभिन्न क्षेत्रमा विनाशकारी भूकम्पहरूको अनुभव गरेको छ । धेरै धनजनको क्षति हुनुमा नागरिक तहमा राष्ट्रियस्तरमा जागरुकतामा कमी र आपत्-विपद् पर्ने परिस्थितिमा कस्तो खाले सरकारी सहयोग गर्ने भन्ने बारेमा कुनै योजनाहरू समेत नबनेको देखिन्छ ।

बलियो विपद् जोखिम व्यवस्थापन रणनीतिहरूको महत्वलाई जोड नदिने हो भने आउँदा दिनमा भयङ्कर आपत् आइलाग्न सक्ने अनुसन्धानहरूले देखाएका छन् । घर निर्माणमा भौगोलिक परीक्षण, प्राकृतिक प्रकोप हुने ठाउँमा बन्ने घरहरूको बनोटलाई ख्याल गर्नु जरूरी छ ।

त्यस बाहेक प्रारम्भिक चेतावनी प्रणालीमा लगानी, पूर्वाधारमा लचिलोपन र सामुदायिक तयारी जस्ता विपद्को प्रभावलाई न्यूनीकरण गर्ने पक्षमा राष्ट्रको समग्र शक्ति प्रयोग गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाटै लगानी गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा विदेशमा बस्ने दक्ष नेपालीको समेत सहयोग महत्वपूर्ण हुनसक्छ ।

अन्त्यमा, नेपालका वातावरणीय चुनौती प्रशस्त छन् । यी मुद्दाहरूको पहिचान र तिनको न्यूनीकरणका लागि विदेशमा रहने दक्ष नेपालीहरू सहयोगी हुनसक्छन् । यसैगरी नेपालका अनुसन्धानकर्ताहरू, विभिन्न विश्वविद्यालयका तर्फबाट र सम्बन्धित मन्त्रालय समेतले स्थानीयदेखि केन्द्रसम्मकै विशेष किसिमको एकीकृत कार्यक्रम बनाएर अघि बढ्ने प्रतिबद्धता देखाउनुपर्ने अवस्था छ ।

स्थानीय पहल र अन्तर्राष्ट्रिय सहयोगको संयोजनबाट, नेपालले वातावरण संरक्षणका जटिलताहरूलाई कम गर्न सक्दछ र कालान्तरमा यसबाट पर्ने जोखिमलाई समेत निराकरण गर्न सक्ने अवस्थामा पुग्न सक्नेछ । हामी सबैले वातावरणीय सुन्दरतालाई महत्व दिँदै काम गर्न थाल्यौं भने प्राकृतिक प्रकोपको जोखिम कम गर्ने मामिलामा नागरिकदेखि स्थानीय र केन्द्रसम्मका सरकारहरूको भूमिका महत्वपूर्ण हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# छठको वैज्ञानिक तथा धार्मिक मान्यता

✍ सन्तोष मेहता

तराई मधेस क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक छठपर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सक्खरको खीर पकाई प्रसादका रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई समेत खुवाउने चलन छ ।

चार दिनसम्म मनाइने यस पर्वमा सम्पूर्ण शक्तिको स्रोत सूर्यको उपासना गर्न पहिलो दिन नुहाएर चोखो भई खाइन्छ । दोस्रो दिन खर्ना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिएपछि विधिवत रूपमा यो पर्व सम्पन्न हुने गर्दछ । यो पर्वमा छठी माईको आराधना गरी पुत्र, पति र परिवारको कल्याणको र आरोग्यको कामना गर्ने गरिन्छ ।

यस पर्वमा यदाकदा मुस्लिम समुदायका व्यक्ति पनि सहभागी हुन्छन् । उक्त समुदायले पनि विधिवत रूपमा मनाउँछन् । पवित्र मनले छठपर्व मनाउँदा पारिवारिक कल्याण, सन्तान सुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ ।

परम्परा अनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गरिन्छ । भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ दिई पूजा विसर्जन गरिन्छ ।

अरुवा, सुठुनी, बेसार, भान्टा, नारिवल, उखु, तरकारी जस्ता कृषि उत्पादन नैवेद्यका रूपमा चढाउने गरिन्छ । छठ अवधिभरि माछा, मासु, लसुन, प्याज, कोदो, मसुरो, उसानाको चामल लगायतका खाद्य वस्तु प्रयोग गर्न निषेध गरिएको हुन्छ । छठ पर्व मनाउनुको पछाडि अनेक लोक एवं देव कथाहरू प्रचलित छन् । तर यो आलेखमा छठ पर्वको अलिक फरक पाटोबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### एक रूपता

हिन्दु धर्ममा कुनै न कुनै प्रतिमा स्वरूपको आराधना गर्ने प्रचलन हुँदा आजकल कहीं कतै छठीमाई भन्दै दुर्गा देवी झैं स्त्री स्वरूपको देवीको कल्पना गरी मूर्ति बनाउने चलन छ । त्यस्तै कहीं गङ्गादेवीको प्रतिमा त कहीं सूर्य देवको स्वरूप बनाई पूजाअर्चना गर्ने चलन छ । वास्तवमा छठ पर्वमा कुन प्रतिमाको पूजा गर्ने त्यसमा एक रूपता भन्ने छैन ।

त्यसै गरी छठ पर्वको केही विषयहरू अत्यन्त उल्लेखनीय छ । जस्तै पञ्चतत्त्व सूर्य, जलाशय, स्थल-पृथ्वी, अग्नि, वायुको एकसाथ उपासना गर्नु, अरू पूजा वा अनुष्ठानमा पुरोहितको आवश्यकता हुन्छ । त्यस्तै छठमा पुरोहित वा कर्मकाण्ड नहुनु, स्थानीय समाज, वर्ण, जातिद्वारा उत्पादित वस्तु, कृषकद्वारा उत्पादित सात्विक अन्न, कन्दमूल फलफूल आदिको प्रयोग हुन्छ । पकवान एवं मिठाईमा पनि अरू पूजाआजामा प्रयोग हुने आधुनिक मिठाई होइन ठेकुवा, भुसवा जस्ता लोक पाकवान एवं मिठाईको प्रयोग हुनुले हामी के भन्न सक्छौं भने यो पर्व सभ्यतापूर्वकै पर्व हो ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वका रूपमा छठ मनाउने गरिन्छ । हरियो तरकारी र फलफूल छठ पूजाका लागि अनिवार्य जस्तै हो । विशेष गरी स्याउ, केरा, सुन्तला, पानीसहितको नरिवल, उखु, हरियो बोडी, गाँजर, मूला पातसहित, अदुवाको बोटलगायतका फलफूल र हरियो ताजा तरकारी छठी मातालाई प्रसादका रूपमा अर्पण गर्ने चलन छ ।

मानिस जब ढुङ्गे युगबाट कृषि युगमा प्रवेश गर्दै थियो सम्भवत: त्यसबेला मानिस कि प्रकृतिको पूजा गर्थे कि त आफूलाई हराउनेलाई देवत्वका स्वरूप दिन बाध्य हुन्थे । यही युगमा समाज थोरै सङ्गठित हुन थालेको हुनु पर्दछ । मनिसलाई बाँच्नको निम्ति आवश्यक आन्नपात उब्जनीको निम्ति आवश्यक पञ्चतत्त्वलाई धन्यवाद दिनको निम्ति एकसाथ दिन, रात, सूर्य, चन्द्र, अग्नि, पृथ्वी, वायु र जलको समागम भएको बखत आफूले उब्जाएको अन्नबाली अखण्डित रूपमै पूजा सामग्रीका रूपमा प्रयोग गरी पूजाको लोकपरम्परा अगाडि बढेको देखिन्छ ।

उखु, मूला, गाँजर, अन्य कन्दमूल बोटसहित तथा केरा, सुन्तला, नरिवल, भोगटेलगायतका फलफूल खण्डित नगरीकन पूजा सामग्रीका रूपमा प्रायोग गरिन्छ । भुसुवा जस्तो मिठाइ काँचो अन्नबाट तयार पारिन्छ भने आवश्यक हुने कोनिया, दाउरा, सुप काँचो बाँसबाट स्थानीय डुम जातिका श्रमिकहरूद्वारा तयार परिन्छ । धागो, बाती जस्ता सामग्री पनि स्थानीय समाजमै खासगरी माली जातिका श्रमिक अथवा लहेरी जातिका मुस्लिमद्वारा तयार पारिएको हुन्छ ।

समाजमा वर्ण व्यवस्था प्राम्भिक अवस्थामै रहेको बखत यो पर्वमा व्यापकता पाइसकेको हुनु पर्दछ । तसर्थ लोकपूजा छठी-व्रत आदि पूजा हो र सभ्यता संस्कृतिको साथै धेरै जसो अन्न र खाद्य पदार्थको प्रचलन ठीक ढङ्गले नभएको अवस्थाको रहेको बुझिन्छ ।

### धार्मिक मान्यता

मधेस, विहार या आसपासको क्षेत्रमै विशेष रूपले छठ किन मानिन्छ ? छठ पूजा सूर्यको उपासना मात्र हो त ? आर्यावर्तको इतिहासमा शैव, वैष्णव, शाक्त, गाणपात्य एव सौर्या सम्प्रदायका मानिसहरू पाउँछौं । पछि तिनीहरूलाई नै हिन्दु भनिएको हो ।

साम्ब पुराण अनुसार यी उल्लेखित पाँच सम्प्रदायमध्ये सौर्य सम्प्रदाय प्राचीन र पहिलो हो । हालको इरानबाट आएको शाकलद्वीपी ब्राह्मण बिहारको मगध र भोजपुर इलाकामा र केही मात्रामा पूर्वीउत्तर प्रदेश र नेपालको तराई मधेशमा यिनीहरूको बसोबास रहेको छ । यिनीहरू सूर्यका उपासक थिए, सौर्य सम्प्रदायका थिए । पछि पटना राजधानी भएको मगध साम्राज्यका राजा पनि सौर्य सम्प्रदायका नै थिए ।

### वैज्ञानिक मान्यता

सूर्यलाई भौतिक ऊर्जा, प्रकाश, आरोग्य, उपासना, आत्मोत्कर्ष, चतुष्पद फल, मोक्ष प्राप्ति, आयु, प्राण, आत्मोन्नति, ब्रह्मचर्य तथा श्रद्धाको उदीयमान प्रतीक मानिन्छ । सूर्य जगत्को आदि कारण भएकाले आदित्य, ऊर्जा-शक्ति उत्पत्ति गर्ने स्रोतका रूपमा चिनिन्छ । सौर्य-शक्तिलाई जन्म दिने जननीको प्रतीक पनि मानिन्छ । जीवन, जगत्, प्रकृति, वनस्पति, ग्रह नक्षत्र, संवतसर, समय, काल सबैका कार्यकारक सूर्य नै हुन् । सूर्य चिकित्सा पद्धति नै छ । जसमा चर्मरोग मात्र नभई अन्य रोगको निदान हुन्छ । चर्मरोगका विभिन्न प्रकारमध्ये कुष्टरोग (ल्याप्रोसी), रातो धब्बासहितको छालारोग (सोरियासिस) र सेतो दाग (ल्युकोडर्मा) हुन् । यी चर्मरोग छठको बेला अर्थात् सूर्यको रातो किरण समान रूपमा पर्ने समयमा स्नान गर्दा निको हुने विश्वास छ ।

सूर्यमा हाइड्रोजन, हिलियम, आइरन, निकेल, अक्सिजन, सिलिकन, सल्फर, म्याग्नेसियम, कार्बन, नियोन, क्यालिसयम, क्रोमियमलगायतका तत्व हुन्छन् । त्यसबाट सात रङ्गको किरण उत्पन्न हुन्छ । ती किरण शारीरिक उपचार र जीव विकास क्रमको प्रमुख द्योतक हुन् । सूर्य चिकित्साको सिद्धान्तअनुसार रोगोत्पत्तिका कारण शरीरमा रहेका विभिन्न रङहरूको उतार चढाव हो । सो चिकित्साअनुसार रङहरूको शरीरमा विभिन्न कार्य छन् ।

त्यही बढी कमी भएपछि विभिन्न रोगहरू लाग्ने गर्छ । उदाहरणका लागि रातो रङ्ग उत्तेजना र नीलो रङ्गले शक्ति उत्पन्न गर्छ । सूर्यको किरणमा रहेका सात रङ्ग अर्थात् पराबैजनीले विभिन्न रोगको किटाणुलाई नष्ट पारी स्वस्थ्य जीवन प्रदान गर्छ । वैज्ञानिक तथ्यअनुसार सूर्योदय वा सूर्यास्तको समयको रातो किरणले फदय रोग निको पार्छ । त्यो समयमा पृथ्वीमा सामान रूपले किरण परेको बेला स्नान गर्दा चर्मरोगमा रहेका ब्यक्टेरिया नष्ट पारी निको बनाउँछ ।

जन्मिने अधिकांश बच्चा पिलियो रोगबाट ग्रसित हुन्छन् । त्यसको उपचार स्वरूप सूर्योदयको बेला पर्ने किरण शरीरमा पर्ने गरी सुताउने गरिन्छ । जसले अल्ट्रा भायलेट किरण शरीरमा पर्दा पिगमेन्ट सेल्स पर रासायनिक प्रतिक्रिया प्रारम्भ भी पिलिया समाप्त पार्छ ।

बाँकी पृष्ठ-३.....

# नेपाली महिला क्रिकेटमा नसुध्रिएको ब्याटिङ

काठमाडौं/नयाँ कप्तान इन्दु बर्मा र नयाँ प्रशिक्षक मनोज कटुवालको साथमा चार देशीय शृंखला खेल्न हङकङ गएको नेपाल तेस्रो भयो ।



प्रतियोगितामा नेपालले एउटा मात्र टिम जापानलाई २ पटक हरायो । जापानसँग समूह चरणको खेल ६७ रनले जितेको नेपालले तेस्रो स्थानका लागि भएको खेल ४५ रनले जित्यो ।

नेपाल समूह चरणमा तान्जानियासँग २७ रन र घरेलु टिम हङकङसँग ९ विकेटले पराजित भयो । पहिलो खेलमा नेपाल तान्जानियासँग १६.५ ओभरमा ८८ रनमा अलआउट भयो ।

दोस्रो खेलमा हङकङसँग १८ ओभरमा ५६ रनमा अलआउट भयो । पहिलो खेलमा सीताले ४३ रन र इन्दुले १५ रनको पारी खेले । दोस्रो खेलमा रुबिनाले २५ रनको पारी खेलिन् अन्य कुनैले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

तेस्रो खेलमा जापानसँग नेपालले ६७ रनको जित हात पार्‍यो । जसमा रुबिनाले ३८ रनको सर्वाधिक पारी खेलिन् । त्यसबाहेक कप्तान इन्दुले २७, पूजा महतोले १३ र काजल श्रेष्ठले १५ रनको पारी खेले ।

यस खेलमा कमब्याक गरेकी रोमा थापाले तेस्रो स्थानका लागि जापानसँग भएको खेलमा २२ रन बनाइन् ।

हङकङको चार देशीय शृंखलाले ब्याटिङमा पुराना तीन खेलाडी पूर्वकप्तान रुबीना क्षेत्री, सीता राना मगर र कप्तान इन्दु बर्माबाहेक ब्याटिङमा कसैको पनि खास प्रदर्शन देखिएन । टिममा नयाँ खेलाडी धेरै भएको र नयाँ खेलाडी ब्याटिङमा चल्न नसक्दा पराजित हुनु परेको कप्तान इन्दु बर्माले बताइन् ।

तेस्रो स्थानका लागि भएको खेलमा नयाँ खेलाडी पुजा महतोले ४३ रनको पारी खेलिन् । 'पुजा नेपालको लागि राम्रो अलराउन्डर हुन सक्छ । उनी राम्रो खेलाडी हुन्', महिला टिमका पूर्व प्रशिक्षक सामसन जंग थापाले भने ।

'नयाँ पुस्तालाई अफसिजनमा अभ्यास गराउनु पर्‍यो, यी ३ खेलाडीले मात्रै नेपाली महिला टिमको ब्याटिङ कति धान्नु ?,' प्रशिक्षक थापा प्रश्न गर्छन्, 'यी खेलाडीले धेरै खेले ३/४ वर्ष खेल्छन् । त्यसपछि के गर्ने ?'

३० वर्ष टेक्नै लागेकी पूर्व कप्तान रुबिनाले आफ्नो सन्यासको समय नजिक आइपुगेको बताउने गरेकी छिन् ।

उनले युवा पुस्तालाई एक्सपोजर दिई टिमको जिम्मेवारी धान्न लायक बनाउन आग्रह गरेकी छिन् ।

सीता राना मगर पहिलो ब्याचकी खेलाडी हुन् । त्यसका साथै उनी नेपाली महिला टिमकी बलियो पिल्लर हुन् । उनले केही समयअघि सन्यास लिनलाई पनि आफ्नो स्थान परिपूर्ति गर्ने युवा खेलाडीको खाँचो रहेको बताएकी थिइन् । 'सन्यास लिने छोड्ने भन्दा पनि हालसम्म मलाई रिप्लेस गर्ने युवा खेलाडी आएकै छैन', केही समय अघि उनले एक मिडियामा भनेकी थिइन् ।

### दीर्घकालीन योजनाको कमीले कमजोर

सअघिका ३ वटा शृंखलामा प्रशिक्षक रहेका सामसन जंग थापा र विश्वकप छनोटका लागि ब्याटिङ प्रशिक्षक बनेकी भारतकी देवीका पाल्शिकरले टिममा केही रणनीतिक परिवर्तन देखाएका थिए । त्यसका बाबजुद पनि नेपाल विश्वकपमा छनोट हुन सकेन । विश्वकप छनोटमा नेपाल सेमिफाइनलमा थाइल्याण्डसँग ४६ रनले पराजित भएको थियो ।

सन् २०१० देखि महिला टिमलाई नजिकबाट नियालिरहेका प्रशिक्षक सामसन जंग थापा महिला क्रिकेटको कल्चर विकास नभएकाले महिला क्रिकेटको पनि विकास हुन नसकेको बताउँछन् । उनी भन्छन्, 'नेपाली महिला टिमलाई दिगो योजनाको जरुरत छ । त्यो भन्दा पनि महिला क्रिकेट कल्चर विकास हुनु जरुरी छ ।'

यस पटकको सिरिजका लागि नेपाल क्रिकेट संघ क्यानले नयाँ प्रशिक्षक कटुवाल सहित नयाँ कप्तानको रुपमा बर्मालाई जिम्मेवारी दिएको थियो ।

महिला टिमका पूर्ण खेलाडी समेत नचिनेका प्रशिक्षक कटुवालका लागि यो सिरिज चुनौतीपूर्ण थियो । उनी आफैंले प्रतियोगिताअघि आफ्नो लागि यो प्रतियोगिता चुनौती र अवसर रहेको बताएका थिए । 'मेरो लागि यो प्रतियोगिता अवसर र चुनौती दुवै हो ।'

महिला क्रिकेटको प्रशिक्षण नगरेका कटुवालका लागि महिला खेलाडीको क्षमता चिनेर प्रशिक्षण दिनु उनका लागि सहज थिएन ।

सुरुवाती अवस्थामा नेपाली महिला क्रिकेटले राम्रो प्रगति गरेको थियो, त्यतिबेला श्रीलंका, बंगलादेशसँग पनि प्रतिस्पर्धा गर्ने नेपाली टिम अहिले मलेसियासँग खेल्दा हम्मेहम्मेको अवस्थामा पुग्छ ।

महिला टिमका लागि घरेलु क्रिकेटमा नीति तथा प्रतियोगिताको अभाव नै हाल महिला टिम पिछडिनुको कारण रहेको प्रशिक्षक थापा बताउँछन् । थापाले भने, 'महिला क्रिकेटलाई विकास गर्ने हो भने घरेलुमा खेल खेलाइरहनु पर्छ । खेलको अनुभव नहुँदासम्म खेलाडीलाई अन्तरर्राष्ट्रियमा खेल्न गाह्रो हुन्छ ।'

महिला क्रिकेटको अवस्था नेपालमा दयनीय रहेको थापाले खुलाए । 'अहिले राजधानीमा ११ जना खेलाडीको टिम पुर्‍याउन गाह्रो छ ।'

विभिन्न विद्यालय तथा ग्रेट हिमालयन क्रिकेट एकेडेमीका प्रशिक्षकका रुपमा कार्यरत थापा राष्ट्रिय खेलकुद परिषदका क्रिकेट प्रशिक्षक हुन् । 'घरेलुमा रहेका २२/२५ जना खेलाडी छनोट गरि उनीहरुबाट उत्कृष्ट रहेकालाई बन्द प्रशिक्षणमा राख्नुपर्छ ।' खेलको अनुभव र प्रतिस्पर्धाको कमीले महिला क्रिकेट पछि परेको थापा बताउँछन् ।

अझै पनि अभिभावकीय संस्था क्यानले महिला क्रिकेटमा लगानी नगर्ने हो भने यो भन्दा पनि खराब अवस्था आउन सक्ने भय थापालाई छ । 'अबको दिनमा पनि महिला क्रिकेटको बारेमा क्यानले दीर्घकालीन नीति नबनाउने हो भने हामी मलेसियासँग पनि छिट्टै पछि पर्छौं ।' *(स्रोत: अनलाइनखबर)*

# युवा संघ र दुर्गा प्रसाईंलाई एकैठाउँमा कार्यक्रम गर्न नदिने प्रशासनको निर्णय



काठमाडौं/युवा संघ र दुर्गा प्रसाईंले ७ मंसिरका लागि तोकेको कार्यक्रम एकैठाउँमा गर्न प्रशासनले नदिने भएको छ ।

दुवै पक्षले ७ मंसिरमा बिहान ११ बजे काठमाडौंको माइतीघर मण्डलबाट शक्ति प्रदर्शन गर्ने निर्णय गरेका थिए । तर, शान्ति सुरक्षाको अवस्था मध्यनजर गरेर दुवै पक्षलाई एकैठाउँमा कार्यक्रम गर्न नदिने निर्णय भएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले बताए ।

'माइतीघर मण्डल मात्रै होइन, काठमाडौंका कुनै पनि एउटै स्थान, समय र मितिमा दुई पक्षको कार्यक्रम हुँदैन', उनले भने, 'वैकल्पिक स्थानमा कार्यक्रम गर्न भन्छौं ।'

वैकल्पिक स्थानका रुपमा तीनकुने, खुलामञ्च, नारायण चौर, माछापोखरी, कीर्तिपुर लगायतका क्षेत्रमध्ये एक रोज्न भनिएको छ ।

स्रोतका अनुसार, जिल्ला प्रशासन कार्यालयले दुवै पक्षलाई छलफलका लागि समेत बोलाएको छ । त्यसक्रममा कार्यक्रमका लागि वैकल्पिक स्थान रोज्न निर्देशन दिने प्रशासनको तयारी छ ।

युवा संघले ७ गते आफ्नो कार्यक्रम रहेको भन्दै शान्ति सुरक्षा माग गर्दै निवेदन दिइसकेको छ । दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियान भने प्रशासन पुगेको छैन । यद्यपि, छलफलका लागि दुवै पक्षलाई प्रशासनले बोलाइसकेको छ ।

'उहाँहरुलाई सार्वजनिक घोषणा गरेको भएपनि एकै मिति, समय र स्थानमा कार्यक्रम गर्न दिन सकिन्न', प्रजिअ बस्नेत भन्छन्, 'त्यसैले दुवै पक्षलाई छलफलका लागि बोलाइसकेका छौं ।'

### गृहमा उपत्यकाका सीडीओ र सुरक्षा अधिकारीहरूसँग छलफल

स्रोतका अनुसार, युवा संघ र दुर्गा प्रसाईं पक्ष आमनेसामने हुँदा सिर्जना हुनसक्ने सम्भावित परिस्थितिबारे गृह मन्त्रालयमा आइतबार छलफल भएको छ ।

उपत्यकाका तीन वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखसहितको बैठक गृहसचिव दिनेश भट्टराईले बोलाएका हुन् ।

स्रोतका अनुसार, झण्डै तीन घन्टासम्म चलेको बैठकमा सीडीओ र सुरक्षा अधिकारीहरुले माइतीघर मण्डललाई निषेधित क्षेत्र तोक्नुपर्ने राय दिएका थिए । उग्र भिड माइतीघर मण्डल पुगेर तनावको स्थिति सिर्जना भए परिस्थिति नियन्त्रणबाहिर जानसक्ने भन्दै माइतीघर मण्डललाई निषेधित क्षेत्र तोक्न उनीहरुले सुझाव दिएका हुन् ।

'कार्यक्रम त माइतीघरमा दुवै पक्षलाई गर्न दिनै हुँदैन भन्नेमा सबैको एकमत रह्यो', छलफलमा सहभागी एक अधिकारीले भने, 'माइतीघर मण्डललाई समेत निश्चित दिन तोकेर निषेधित क्षेत्र घोषणा गर्नुपर्ने मत बलियो गरी उठेको छ ।'

तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारले माइतीघर मण्डलमा प्रदर्शन गर्न नपाउने गरी निषेधित क्षेत्र तोकेको थियो । तर सर्वोच्च अदालतले उक्त निर्णय कार्यान्वयन नगर्न आदेश दिएपछि प्रदर्शनहरु माइतीघर मण्डल केन्द्रित हुँदै आएका छन् । तर, यसपटक सुरक्षा चुनौतीको कारण खुलाएर स्थानीय प्रशासन ऐन, २०२८ अनुसार निश्चित समयका लागि निषेधित क्षेत्र तोक्न सकिने अधिकारीहरुले बताएका छन् ।

युवा संघले आफ्नो कार्यक्रमलाई 'मूल्यवृद्धि, भ्रष्टाचार, जातीय सद्भाव र जुनसुकै अराजकताविरुद्ध'को प्रदर्शन भनेको छ । प्रसाईंले नागरिक मुक्ति आन्दोलन भन्दै व्यवस्था बदल्ने प्रदर्शन भनेका छन् । *(स्रोत: अनलाइनखबर)*

# बनाउन थालेको आठ वर्षमा पनि तयार भएन पुल

म्याग्दी/मुस्ताङको थासाङ गाउँपालिका-३ र ५ को सिमाना भएर बग्ने कालीगण्डकी नदीमा मोटरेबल पुल निर्माण थालिएको आठ वर्षसम्म पनि पूरा भएको छैन ।



सांकेतिक तस्वीर

पुल निर्माण थालिएपछि तरकारी, आलु र किबीलगायत खेती गरेका कुञ्जो, ताउलुङ, टिटी, देउरालीका एक सय ५० भन्दा बढी घरधुरीका किसान खुसी भएका थिए । पुल बन्ने भनेर व्यावसायिक खेती थालेका यहाँका किसान अहिले निराश भएका छन् ।

'पुल बन्ला भनेर आलु, बन्दा, काउली, गाँगर, किबी लगाएका थियौं', कुञ्जोकी नन्दकुमारी तुलाचनले भनिन्, 'पुल नबन्दा उत्पादन गरेका तरकारी र फलफूल बजार पुर्‍याउन नसकेपछि कुहिएर खेर फाल्नु परेको छ ।'

बर्खायाममा काली गण्डकीमा बाढीको सतह बढेर सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले तरकारी तथा फलफूल बारीमै कुहिने गरेको स्थानीयवासी वीरविक्रम विश्वकर्माले बताए । 'वर्षामा बाढीका कारण सवारी चल्दैनन् । भरियालाई बोकाएर बजार लैजादा ढुवानी खर्चका कारण बढी मूल्य पर्छ', उनले भने, 'आयातित तरकारीसँग प्रतिस्पर्धा गर्न नसक्ने भएपछि बारीमै कुहाएर फाल्नु पर्छ ।' उनका अनुसार पुल नभएर स्थानीय किसना आम्दानीको अवसरबाट वञ्चित भएका छन् ।

पाँचौं पटक ठेक्का सम्झौताको म्याद थप भएको छयो-कुञ्जो जोड्ने कालीगण्डकी नदी मोटरेबल पुलको हालसम्मको भौतिक प्रगति ३० प्रतिशत छ । एक सय मिटर लामो केवल स्टेट प्रविधिको मोटरेबल पुल निर्माणका लागि विसं २०७३ भदौ २२ गते तत्कालीन जिल्ला विकास समिति मुस्ताङ र स्वच्छन्द निर्माण सेवाबीच सम्झौता ठेक्का सम्झौता भएको थियो ।

योजनाको निर्माण अवधिसँगै लागत पनि बढेर पछिल्लो पटक १४ करोड १९ लाख ६५ हजार आठ सय ८१ रुपैयाँ पुगेको पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ । कुञ्जोतर्फको पिल्लर कालीगण्डकीको बाढीले गत साउनमा कटान गरेर जोखिम बनाएको कार्यालयका प्रमुख अजय श्रेष्ठले बताए । उनका अनुसार डिजाइनको समस्याले दुई वर्ष रोकिएको यो पुलको काम सैीयता कार्यान्वयनपछि प्रदेश सरकारलाई हस्तान्तरण भएको थियो ।

कुञ्जोको ताकलुङका बासिन्दा धीरेन्द्र विकले काली गण्डकीमा मोटरेबल पुल नहुँदा लेते-कुञ्जो सडकमा बर्खामा सवारी साधन आवतजावत अवरुद्ध हुने र मोटरसाइकल झोलुङ्गे पुलबाट तार्ने गरिएको बताए । 'पाँच वर्षअघिनै निर्माण सकिनुपर्ने पुल अझै अधुरो छ', उनले भने, 'स्थानीयवासीलाई आवतजावतमा असुविधाका साथै आलुलगायत गाउँमा उत्पादन भएका कृषि उपज निकासीमा समस्या भएको छ ।'

गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले शनिबार निर्माणाधीन छयो-कुञ्जो जोड्ने मोटरेबल पुलको निरीक्षण गरेका थिए । 'पूर्वाधार विकास कार्यालय, मन्त्रालयका अधिकारी, निर्माण व्यवसायीसँग ढिलाइका विषयमा छलफल गरी निर्माणलाई गति दिने वातावरण बनाउछु', उनले भने, 'निर्माण व्यवसायीलाई काममा फर्काउन ताकेता भइरहेको छ । काम नगरे कारबाहीसँगै ठेक्का तोडेर पुल निर्माणलाई पूर्णता दिन्छौं ।'

मन्त्रालय मातहतको पूर्वाधार विकास निर्देशनालयका निर्देशक डा. महेन्द्र बानियाका अनुसार एलआरडिपीका विज्ञहरुको टोलीले हालै उक्त पुलको निरीक्षण गरेको र टोलीको सुझावका आधारमा जोखिम न्युनीकरण तथा पुल संरक्षणको काम गर्ने तयारी भएको छ । *(स्रोत: अनलाइनखबर)*

# छठको वैज्ञानिक....

डाक्टरहरूले पनि जन्मिने बेलामा कृत्रिम अल्ट्राभायलेट किरणयुक्त ल्याम्पमा बालेर राख्ने गर्छन् । त्यसको अर्को उदाहरण हो शिशुलाई बिहानीपख तेल लगाएर सूर्योदयको बेला सूर्य किरण पर्ने गरी सुताउनु । यो प्रक्रियाले शिशुको छाला र हाड बलियो हुन्छ ।



यी वैज्ञानिक कुरा भए तर सूर्यलाई वैदिककालमा एउटा प्रमुख देवता मानिन्छ । प्रथम वेद ऋग्वेदमा सूर्यलाई सबै देवताको स्रोत मानिएको छ । विश्वका सबै जीवजन्तु र वनस्पति सूर्यकै तापबाट बाँचेका छन् । अथर्व वेदमा त सूर्यलाई ब्रह्माका रूपमा मानिएको छ । छठ पर्वमा सूर्यको पूजा, उपासना गर्नुका साथै उसैको कृपाबाट उत्पादन गर्न सफल कृषि सामग्री र मानवका पनि बच्चा हुनुमा उसैको कृपा रहेको हुँदा 'मैया' भनिएको हो ।

छठलाई स्त्रीलिङ्गी रूपमा सम्बोधन गरिए पनि यस पर्वमा सूर्यको पूजा, आराधना र उपासना गरिन्छ । पौराणिक मान्यताअनुसार सूर्यदेव (लोकभाषामा दिनानाथ) उपासना नै छठको मौलिकता हो ।

यहींनेर उल्लेख गर्नुपर्ने अर्को महत्त्वपूर्ण विषय के हो भने सूर्यको आराधना बौद्ध धर्मसँग पनि सम्बन्धित छ । सूर्य, बौद्ध र हिन्दु परम्पराहरूमा पनि पाइन्छ । त्यसैले मगध साम्राज्यभित्र या भनौ बारह जनपद रहेको मधेश गणराज्यभित्र असंख्य सूर्य मन्दिरहरूको शृंखला पाइन्छ । त्यसैले सूर्य उपासनासँग सम्बन्धित पर्व छठ पर्व भारतको बिहार, झारखण्ड, पूर्वी, उत्तर प्रदेश र नेपालको मधेश क्षेत्रमा परम्परागत रूपमा प्रचलित रहेको छ । अर्को महत्त्वपूर्ण कुरा भनेको छठ पर्व भनेको केवल सूर्यको मात्र उपासना होइन, त्यसो भएको भए कर्मकांडी विधिले पुरोहितद्वारा सूर्यो पासना गरिन्थियो तर छठ त लोकाचारको रूपमा मनाईने पर्व हो । यस पर्वमा एकैसाथ सूर्य-चन्द्रमा, आगो-पानी, पृथ्वी-वायुको आराधना एव उपासना गरिन्छ अर्थात् शक्तिको इनर्जीको उपासना गरिन्छ ।

त्यसैले कहीं सूर्य देवताको त कहीं गङ्गा मैया त कहीं छठीमैयाको प्रतिमा बनाई पूजा गरिएको हो । वास्तवमा छठ पूजा भनेको मूर्ति पूजा वा कुनै आकृतिको पूजा होइन । सूर्य ऊर्जाको विम्ब, जलको स्वछान्दताको लहर, प्राण-वायुको वेग, अग्नि देवताको तेज र धर्तीमाताको ममताको एकसाथ पजू, उपासना एव आराधना हो । छठीमाई भनेको पनि यी सम्पूर्ण विम्ब, लहर, वेग, तेज र ममताको समागम स्वरूप तथा प्रतिविम्ब हो ।

प्राचीन मधेश र मगध क्षेत्रमा बालबालिका जन्मेको छैठौं दिनमा प्रत्येक सुत्केरी आमाले अनिवार्य रूपमा छठियार पुज्ने गर्छिन् । लोक विश्वास के छ भने छठीमैयाले बालकको भाग्य-भविष्य त्यसै दिन लेख्ने गर्छिन् । अर्को नवजात शिशु, शिशु अवस्थामा निदाएपछि, निन्द्रावस्थामा यिनै छठीमैयाको न्यानो काँखमा हुने गर्दछन् र यी मैयाले शिशुको माया-दुलार गरी हर्ष-आनन्द प्रदान गर्ने गर्छिन् भन्ने मान्यता छ ।

सूर्यलाई भौतिक ऊर्जा, प्रकाश, आरोग्य, उपासना, आत्मोत्कर्ष, चतुष्पद फल, मोक्ष प्राप्ति, आयु, प्राण, आत्मोन्नति, ब्रह्मचर्य तथा श्रद्धाको उदीयमान प्रतीक मानिन्छ । सौर्य-शक्तिलाई जन्म दिने जननीको प्रतीक पनि मानिन्छ । जीवन, जगत्, प्रकृति, वनस्पति, ग्रह नक्षत्र, संवतसर, समय, काल सबैका कार्यकारक सूर्य नै हो । धर्ती हामी सबैको माता हो । ममता, सहनशीलता एवं जीवनको प्रीतक हो । अग्नि ऊर्जाको स्रोत हो भने वायु प्राण हो । जल जीवन हो, त्यसैले छठीमाईको उपासना भनेको आदित्य, जीवन, ऊर्जा-शक्ति उत्पत्ति गर्ने आमाका रूपमा सम्पूर्ण उपासना गर्नु हो । छठीमाई भनेको प्रकृति देवी हुन्, छठ पर्व भनेको किसानहरूको पर्व हो ।

हिन्दुहरूले मनाउने हरेक पर्वमा स्थान अनुसार अलग अलग प्रचलन छ । कतिपय पर्वको त परिवारपिच्छे आराधनाका अलग अलग तौरतरिका छन् । तर छठको पूजासामग्री, अर्घ दिने समय तथा स्थल (खुला अकाशमुनि जल थल) र पूजा विधिमा खासै भिन्नता देखिँदैन । पुरोहित चाहिँदैन, कुनै खास भाषामा मन्त्रजाप गरिँदैन । जातीय विभेद छुवाछूतको मान्यता छैन ।

कृषिउपजबाहेक अन्य वस्तु पूजा सामग्रीको रूपमा प्राय: प्रयोग गरिँदैन अर्थात् मानिस कृषि युगमा प्रवेश गरेपछि प्रारम्भ गरिएको पर्व हो । यो पर्व निश्चित भूगोलमा परम्परादेखि मनाइँदै गरिएको हुँदा ती भूगोलका ती मानव प्रथम बासी अर्थात् आदिवासी हुन् । हामी कोरानाबाट भर्खरै गुजरेका छौ । सुर्य अस्त र सुर्योदयको बखत सम्पूर्ण किरण जिउमा पर्ने गरी गरिएको स्नानले कोराना जस्ता थुप्रै किटाणु, भाइरस र ब्याक्टेरियासँग जित्न सक्ने कुरा वैज्ञानिकहरूले बताइसकेका छन् ।

समाजका हरेक तप्का कुनै न कुनै रूपमा सम्मिलित रहेको यो पर्वका रूपमा अन्त्यमा यति भन्न सकिन्छ कि छठ पर्व समाजिक समरसता र उदारताको ठूलो प्रतीक पर्व हो र सायद यही यसको लोकप्रियताको कारण पनि हो । यस्तो साझा संस्कृतिका रूपमा व्यापकता ग्रहण गर्दै गइरहेको छठ महापर्वको सरकारले राष्ट्रिय बिदासम्म घोषणा गर्न नसक्नु भनेकै एकल जातीय नश्लवादतिर उन्मुख हुनु हो । *(साभार: रातोपाटी)*

# जलवायु परिवर्तनको असर कम गर्न अन्तर्राष्ट्रियस्तरमा पहल गर्छु : प्रधानमन्त्री प्रचण्ड

रुकुमपूर्व/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको समस्यालाई अन्तर्राष्ट्रिय स्तरण गरिने बताएका छन् ।

रुकुमपूर्वको मैकोटमा आयोजित जनसभालाई सम्बोधन गर्दै उनले जलवायु परिवर्तनमा नेपालको भूमिका नगन्य भए पनि ठूलो क्षति व्यहोर्नु परेको अवस्थालाई ध्यानमा राखेर क्षतिपूर्तिका लागि स्पष्टरुपमा आफ्ना कुरा राखिने बताए ।

जलवायु परिवर्तनको पीडा कम गर्न अन्तर्राष्ट्रिय कोषबाट सहयोग उपलब्ध गराइँदै आएको भए पनि नेपालले हालसम्म कममात्रै रकम पाएकाले त्यसमा उल्लेख्यरुपमा वृद्धि गर्न अन्तर्राष्ट्रिय समुदायलाई आफूले पटकपटक अनुरोध गरेको स्पष्ट पारे ।

आफ्नो आग्रहमा संयुक्त राष्ट्रसैका महासचिव एन्टियो गुटरेसले नेपाल भ्रमण गरेर जलवायु परिवर्तनबाट परेको प्रभावलाई नजिकैबाट हेरेर गएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । जलवायु परिवर्तनबाट परेको प्रभावबाट दु:ख पाएको नेपालले अन्तर्राष्ट्रिय समुदायबाट पाउनुपर्ने राहत अधिकारको विषय भएको प्रधानमन्त्रीको भनाइ छ ।

नेपालीले गर्दै नगरेको कमजोरीको सजाय पाइराखेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले 'क्लाइमेट फन्ड'बाट ठूलो राहतका लागि सरकारका तर्फबाट दस्तावेज तयार पार्न उच्च अधिकारीलाई निर्देशन दिइएको बताए । उनले मैकोटलाई खुला संग्रहालय घोषणा गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सरकारकोतर्फबाट साथ तथा सहयोग रहने स्पष्ट पारे ।

यस्तै प्रधानमन्त्री दाहालले जडीबुटी तथा कृषि क्षेत्रको विकासका लागि एउटा विशेष परियोजना अगाडि बढाउन पहल गर्ने विश्वास दिलाए । आफ्नो चीन भ्रमणका क्रममा हिमाली क्षेत्रका केही जिल्लामा विशेष परियोजना सञ्चालन गर्ने सहमति भएको जानकारी दिँदै प्रधानमन्त्रीले रुकुमपूर्वको पुथा उत्तरगङ्गा पनि हिमाली पालिका भएकाले एउटा परियोजना अगाडि बढाइने बताए । उनले मैकोटलाई जीवित संग्रहालय बनाउनका लागि केन्द्र सरकारकोतर्फबाट बजेटको प्रबन्ध गरिने विश्वास दिलाए । क्रान्तिको समयमा ठूलो त्याग, तपस्या र बलिदान गरेको यस क्षेत्रलाई सरकारले विशेष प्राथमिकतामा राखेको प्रधानमन्त्रीको भनाइ छ । शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रको विकासका लागि पनि उत्तिकै महत्त्व दिइएको उनको कथन छ ।

नेपालको संविधानमा नै समाजवादउन्मुख विषयलाई उल्लेख गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले सामाजिक न्याय, सुशासन र समृद्धिका लागि सरकारले पहलकदमी लिएको र सोही सङ्कल्पका आधारमा काम सुरु भएको बताए । तराई-मधेसमा रहेका लाखौँ किसानलाई मिटरब्याजीबाट पीडा र अत्याचारबाट मुक्त गरिएको जानकारी दिए ।

यस्तै, नागरिकताविहीन नेपाली नागरिकलाई पनि वर्तमान सरकारले प्राथमिकता राखेर नागरिकता प्रदान गरिएको तथ्य पेस गरे । विदेशमा गएका लाखौं नेपाली युवाको हकअधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षाको दायरामा ल्याइएको, अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका श्रमिकलाई पनि त्यसको दायरामा ल्याइएको प्रधानमन्त्रीको भनाइ छ

# सशस्त्र प्रहरीद्वारा रौतहटमा ४ थान अत्याधुनिक हतियार बरामद

काठमाडौं/सशस्त्र प्रहरी बल नेपालले रौतहटबाट ४ थान अत्याधुनिक हतियार बरामद गरेको छ । इन्टेलिजेन्स ब्युरोले रौतहटस्थित यमुनामाई नगरपालिका -३ स्थित एक घर बाट आइतबार दिउँसो ९ एमएम पेस्तोल ३ नाल, त्यसमा लाग्ने गोली १३ गोटा, म्याग्जिन ६ वटा तथा एयर गन १ नाल समेत बरामद गरेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता एवम् डीएसपी शैलेन्द्र थापाले बताए ।

सो घरमा हतियार लुकाएर राखिएको भन्ने बिशेष सूचनाको आधारमा ब्युरोले आइतबार दिउँसो खानतलासी गरेको थियो । बरामद हतियार मध्ये २ नाल पेस्तोल मेड इन यूएसए र एक नाल मेड इन इन्डिया लेखिएको छ ।

हतियार सहित मोबाइलको सोमकार्ड, मोबाइल, शेख एजाज अहमदको नाममा जारी गरिएको नागरिकता समेत बरामद भएको डीएसपी थापाले जानकारी दिए । हतियार बरामदपछि स्थानीयबासिन्दाले ढुङ्गामुढा गर्दा प्रस्तावित सिमा सुरक्षा गुल्म गौर र सुरक्षा बेश देबाहीको गाडीको सिसा फुटेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## राप्तीतटमा छठपूजा




हेटौँडा उपमहानगरपालिका-१, स्थित राप्तीतटमा छठपर्व भव्यताका साथ मनाइएको छ । आइतबार मध्यान्हदेखि साँझसम्म अस्ताउँदो सूर्यलाई अर्घ दिनका लागि राप्तीतटमा हजारौं भक्तजनको भीड लागेको थियो । छठपर्वको मुख्य दिन आइतबार छठमा व्रत बसेका श्रद्धालुहरु पूजास्थलमा उपस्थित भएका हुन् । राप्तीतट भक्तजन र पूजा सामग्रीले भरिभराउ भएको थियो । भक्तजनले छठपूजाका लागि उखु, केरा, हल्दी, अदुवा, कागती, मुला, नरिवल, पान, सुपारीलगायतका विभिन्न फलफूल ल्याएका थिए । हेटौंडामा मधेशी समुदायसँगै पहाडी समुदायले पनि छठपूजा गर्ने गर्दछन् । विशेषत मधेशी समुदायले मनाउने गरेको छठपर्वलाई पछिल्लो समय पहाडी समुदायले पनि विशेष रुपमा लिने गरेको पाइन्छ । छठपर्वको अवसरमा पूजास्थलमा हुने भिडलाई नियन्त्रण गर्न प्रहरी, स्काउट र स्वयंसेवकलाई खटाइएको थियो । राप्तीतटमा पूजाका लागि २० फिट चौडा र ६ सय ५० फिट लम्बाइका ३५ वटा पण्डाल बनाइएको थियो । राप्तीतटमा हेटौंडा अस्पतालले स्वास्थ्य शिविर र सामुदायिक प्रहरीले सहजीकरणका लागि शिविर राखेको थियो । मकवानपुरमा प्रत्येक वर्ष छठ मनाउनेको संख्या बढ्दै गएको छ । यसवर्ष राप्तीतटमा ६० हजार भक्तजन आएको अनुमान छठपर्व समारोह समितिले गरेको छ । छठमा आज सोमबार विहान उदाउँदो सूर्यलाई पुन: अर्घ्य दिंदै छठको समापन हुनेछ । छठपर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फलहरु चढाउँदा सूर्यदेवता प्रसन्न भई बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता रहेको छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् । आर्थिक अभाव भएका मानिस भीक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् । *तस्विर: साझाकुरा ।*

# मन्त्रालयमै थन्कियो भीमफेदी-कुलेखानी सुरुङमार्गको डीपीआर

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ बागमती प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलकै कार्यकालमा भीमफेदीबाट कुलेखानीसम्म सुरुङमार्ग निर्माण गर्न प्रदेशको गौरवको आयोजनाको रुपमा सम्भाव्यता अध्ययन, डीपीआर निर्माणलगायतको काम सुरु भएको थियो ।

३ वर्षसम्म पौडेलले सरकारको नेतृत्व गरे । तर, सुरुङमार्ग निर्माणमा काम अघि बढेन । यो योजना अहिले अलपत्र अवस्थामा छ । त्यसो त प्रदेश राजधानी हेटौंडालाई काठमाडौंसँग छोटो दुरीमा जोड्ने गरी सुरुङमार्गको चर्चा धेरै अघि सुरु भएको हो । शिलान्यास समेत गरिएको भीमफेदी-कुलेखानी सुरुङ नेपाल पूर्वाधार विकास कम्पनीले निर्माण गर्ने गर्ने गरी सेयर वितरण गरी नागरिकसँग ३० करोड भन्दा बढी रकम असुल गरिएको थियो । शिलान्यास भइसकेको यो सुरुङ निर्माणको काम अझै हुन सकेको छैन ।



हाल सुरुङमार्गको योजना परिमार्जन गरिएको छ । भीमफेदी-कुलेखानी (पोष्टबहादुर बोगटी) सुरुङमार्गलाई परिमार्जन गरी बल्खु-हेटौंडा सुरुङमार्ग नामकरण गरिएको छ । हाल सुरुङमार्गको अध्ययनका लागि न बजेट छ, न प्रस्थान तथा अन्तिम बिन्दु तोकिएको छ । सुरुङमार्ग निर्माणका लागि प्रदेश सरकारले विगतको ३ आर्थिक वर्षमा करिब डेढ करोड रुपैयाँ खर्च गरेर डीपीआर तयार गरेको थियो । तर, डीपीआर अहिले मन्त्रालयको दराजमा थन्किएको छ ।

सुरुङमार्गको डीपीआर निर्माणका लागि इटेको नेपाल प्रालिलगायत ७ वटा परामर्शदाताले फरकफरक विषयमा सुरुङमार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए । तत्कालीन सरकारले डीपीआर अनुसारको सुरुङमार्ग निर्माण गर्न आवश्यक तयारीका लागि 'पोस्टबहादुर बोगटी सुरुङमार्ग' नामकरण गरी छुट्टै कार्यालय र कर्मचारीको समेत व्यवस्था गर्दै टेन्डर आह्वानको तयारी गरेको थियो । टेण्डर निकाल्ने प्रक्रिया केही बाँकी रहेको अवस्थामा राजेन्द्र पाण्डे नेतृत्वको सरकारले भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्य स्थगन गरेको थियो ।

भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्यमा १ करोड ३८ लाख ५५ हजार रुपैयाँ खर्च भइसकेको छ । सुरुङमार्ग निर्माण कार्य नहुने भएपछि डेढ करोड रुपैयाँ खर्चिएर बनाइएको डीपीआर अभिलेखकारुपमा मन्त्रालयमा थन्किएको हो । हालको अवस्थामा सुरुङमार्गको लागत करिब २० अर्ब रुपैयाँ लाग्ने देखिएको मन्त्रालयले जनाएको छ । डीपीआरअनुसार ११ मिटर चौडाइको ३२ सय २० मिटर र ३२ सय ७० मिटर लम्बाइको दुईवटा सुरुङमार्ग बनाउन करिब १९ अर्ब ३२ करोड रुपैयाँ लाग्ने अनुमान छ । एकतर्फीरुपमा सवारी सञ्चालन गर्ने गरी दुईवटा सुरुङ निर्माण ४२ महिनामा सम्पन्न हुने डीपीआरमा उल्लेख छ ।

सुरुङमार्ग निर्माणको योजना आर्थिक वर्ष २०७६/७७ बाट प्रदेशको गौरवको योजना र रातो किताबमा समावेश हुँदै आएको थियो । पहिलो वर्ष डीपीआर बनाउन १ करोड ३० लाख रुपैयाँ खर्चिएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले विनियोजन गरेको १ अर्ब रुपैयाँ फ्रिज भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा ७५ करोड रुपैयाँ बजेट छुट्याइएको थियो । प्रदेश सरकारले स्थापना गरेको सुरुङ आयोजनाका कर्मचारीको तलब भत्तामा ८ लाख ५५ हजार रुपैयाँ खर्च भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

# भारतलाई स्तब्ध पार्दै अष्ट्रेलियाले जित्यो विश्वकपको उपाधि





काठमाडौं, ३ मंसिर/ ट्राविस हेड र मानर्स लाबुशेनको उत्कृष्ट पारीको मदतमा अष्ट्रेलियाले घरेलु टोली भारतलाई ६ विकेटले हराउँदै एकदिवसीय विश्वकपको उपाधि जितेको छ ।

अहमदाबादमा भएको फाइनल भिडन्तमा भारतले २४० रन बनाएको थियो । अष्ट्रेलियाले ट्राविस हेडको १३७ रन र मानर्स लाबुशेनको अविजित ५८ रनको मदतमा ४३ ओभरमा ४ विकेट गुमाएर २४१ रन बनायो । जबकि अष्ट्रेलियाको सुरुवात राम्रो थिएन ।

मोहम्मद शामीले आफ्नो पहिलो ओभरमै अष्ट्रेलियाका सफल ब्याट्सम्यान डेबिड वार्नरको विकेट लिए । शामीको लुड लेन्थ बलमा बार्नरले खेल्न खोजेका थिए, तर ब्याटको बाहिरी किनारामा लागेको बल स्लिपमा रहेका विराट कोहलीको हातमा पुग्यो । उनी मात्र ७ रनमा आउट भए ।

खेलको पाँचौं ओभरमा जसप्रित बुमराहले मिशेल मार्शको विकेट लिए । उनी १५ रनमा आउट भए । आफ्नो अर्को ओभरमा उनले नै स्टिभ स्मिथलाई एलबीडब्लू धरापमा पारे । बुमराहको स्लो कटरमा स्मिथ चुके र बल उनको प्याडमा लाग्यो । भारतको एलबीडब्लू अपीलमा फिल्ड अम्पायरले विकेट लिए । स्मिथले रिभ्यू लिएनन् । जबकि रिप्ले र बल ट्र्याकिङमा देखाइएको बल अफ स्टम्प बाहिर गएको देखिएको थियो ।

४७ रन जोड्दा महत्वपूर्ण ३ विकेट गुमाएसँगै दबाबमा आएको अष्ट्रेलियाले पावर प्लेमा निकै संघर्ष गर्नु परेको थियो । तर हेडले लाबुशेनसँग मिलेर पारी सम्हाले । दुवैले चौथो विकेटका लागि १९२ रनको महत्वपूर्ण साझेदारी गर्दै जितको आधार बनाए । जितका लागि मात्र २ रन चाहिएको बेला उनी १३७ रन बनाएर आउट भए ।

म्याक्सबेलले पहिलो बलमै दुई रन लिएपछि अष्ट्रेलिया विजयी भयो ।

हेडले चोटका कारण विश्वकपको सुरुवाती खेल गुमाएका थिए । चोटमुक्त भएर टिममा फर्किएका उनले न्यूजिल्याण्डविरुद्ध ५९ बलमा शतक बनाउँदै शानदार पुनरागमन गरे ।

सेमिफाइनलमा एकै ओभरमा दुई विकेट लिएर दक्षिण अफ्रिकालाई दबाबमा राख्न भूमिका खेलेका उनले ब्याटिङका क्रममा पनि एउटा एण्ड सम्हाल्दै ६२ रनको पारी खेलेका थिए । फाइनलमा पनि उनी म्यान अफ दि म्याच बने ।

**भारतको आक्रामक सुरुवात**

टस जितेको अष्ट्रेलियाका कप्तान प्याट कमिन्सले भारतलाई ब्याटिङको निम्तो दिंदा रोहित शर्माले भने कि उनले टस जितेको भए पनि ब्याटिङ नै रोज्ने थिए ।

उनले भारतलाई राम्रो सुरुवात पनि दिलाएका थिए । तर पाँचौं ओभरको दोस्रो बलमा मिचेल स्टार्कले शुभमन गिललाई एडम जाम्पाको हातबाट क्याच गराए । रोहितको आक्रामक ब्याटिङ रोकिएको थिएन । उनले जोस ह्याजलउडको दुई ओभरमा चार चौका र मिचेल स्टार्कको बलमा छक्का हानेका थिए । सातौं ओभरमा स्टार्कलाई लगातार तीन चौका हान्दै भारतको स्कोर ५० पुर्याएका थिए ।

दशौं ओभरमा ग्लेन म्याक्सवेललाई पनि छक्का र चौका हानेका उनले गुडलेन्थ बलमा लङ अफमाथि शट हान्न चाहेका थिए । तर प्वाइन्टमा रहेका ट्राविस हेडले करिव ३० फिट पछाडि गएर उत्कृष्ट क्याच लिए । ३१ बलको सामना गरेका उनी ४७ रनमा आउट भए ।

**टर्निङ प्वाइन्ट**

अर्को ओभरमा अष्ट्रेलियाका कप्तान कमिन्सले श्रेयस अय्यरलाई पभेलियनको बाटो देखाए । लगातार दुई विकेट गुमाएसँगै भारत दबावमा आयो, रनको गतिमा ब्रेक लाग्यो ।

भारतको आश क्रिजमा विराट कोहली र केएल राहुलमाथि टिकेको थियो । २६औं ओभरमा विराटले ५६ बलमा ७२औं अर्धशतक पुरा गरे ।

तर चौथो विकेटका लागि केएल राहुलसँग ६७ रनको साझेदारी गरेका उनी २९औं ओभरको तेस्रो बलमा आउट भए । उनले ५४ रन बनाए । अष्ट्रेलियाका कप्तान कमिन्सको बलमा कोहलीको प्लेडअन (बोल्ड) भएपछि रंगशालामा रहेका हजारौं समर्थक स्तब्ध भए ।

त्यसपछि रवीन्द्र जडेजा आए, तर भारतले थप ३० रन जोड्दा उनी पनि आउट भए । यद्यपि अर्को एण्डमा सुस्त गतिमा रन बनाएपनि टिकेर खेलिरहेका राहुलले अर्धशतक पूरा गरेका थिए । ४२औं ओभरमा स्टार्कको बलमा आउट भए । १०७ बलको समना गरेका उनले ६६ रनको महत्वपूर्ण पारी खेले ।

अष्ट्रेलियाका स्टार्कले ३, कमिन्स र ह्याजलउडले २/२ विकेट लिए भने म्याक्सवेल र एडम जाम्पाको नाममा एक/एक विकेट रह्यो । *(स्रोत: अनलाइनखबर)*

# आत्मिक सभासहितको जिल्ला भेला

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ एनसिएफ नेपाल जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा आत्मिकसभा सहितको जिल्ला भेला सम्पन्न भएको छ ।

समितिका अध्यक्ष पास्टर सूर्यबहादुर पाखिनको सभाध्यक्षता तथा एनसीएफ नेपालका अध्यक्ष रेभरेण्ट पास्टर हनोक तामाङको प्रमुख आतिथ्यता रहेको थियो । एनसीएफ नेपालका सचिव बीरबहादुर घलानले आत्माको संगती आजको आवश्यकता रहेको बताए ।

नेपाल खिष्ट्रियन महासंघका उपाध्यक्ष मोमलाल दोङले मण्डलीमा भएको बरदान समुदायमा लैजानु आवश्यक रहेको बताए ।

बागमती प्रदेश अध्यक्ष तारासिं गुरुङले मण्डली भनेको एनसीएफ हो सबैको दु:खसु:खको साथी भन्दै ईसाईहरुका हकअधिकार खोज्न र समस्याहरुको समाधान गर्न एन.सि.एफ लागि परिरहेको विश्वास दिलाउदै खिष्टको राज्य विस्तारमा सबै लाग्न अनुरोध गरे । ईसाई समाज नेपाल मकवानुरकी अध्यक्ष निमटोलमा आचार्यले नेतृत्व हस्तान्तरण गर्ने परिपाटी बसाल्नु पर्नेमा जोड दिइन् । नेपाल खिष्ट्रियन महासंघ मकवानपुरका अध्यक्ष पास्टर नवराज घलानले कार्यक्रमले पास्टर अगुवामा आत्मिक जागृति बृद्धि भएको बताए । कार्यक्रममा मकवानपुरका करिब ३ सय पास्टर अगुवाको उपस्थिति थियो ।

# तिहारको ४ दिनमा एक अर्ब ३२ करोडको सुन बिक्री



काठमाडौं, ३ मंसिर/ तिहारको ४ दिनमा एक अर्ब ३२ करोड रुपैयाँ बराबरको सुनको कारोबार भएको व्यवसायीहरुले बताएका छन् ।

मंसिरको बिहेको लगन तथा धनतेरस पर्वमा सुनको कारोबारमा उल्लेख्य सुधार भएको नेपाल सुन चाँदी व्यवसायी महासंघले जनाएको छ ।

महासंघका अध्यक्ष मणिकरत्न शाक्यले तिहारको ४ दिनमा १३५ किलो सुन बिक्री भएको बताए । जसको बजार मूल्य एक अर्ब ३२ करोड ७९ लाख ९५ हजार रुपैयाँ बराबर हुन्छ ।

अध्यक्ष शाक्यकाअनुसार तिहारको ४ दिन औषत ३५ किलोका दरले छापावल सुनको बिक्री भएको थियो । यस्तै धन्तेरसको दिन भने एकै दिन ५० किलो सुन बिक्री भएको अध्यक्ष शाक्यले बताए ।

'हामीले देशभरको तथ्याङ्क लिएका छौं, तिहारभरको ४ दिनमा कुल १३५ किलो सुन बिक्रि भएको भन्ने छ,' अध्यक्ष शाक्यले भने, 'जसको मूल्य एक अर्ब ३२ करोड ७९ लाख रुपैयाँ बराबर पर्छ ।'

धनतेरसका दिन सुन बिक्री मूल्य एक लाख १४ हजार ७ सय रुपैयाँ थियो । बजारमा यस अघि बिक्री नभएर बैंकहरुमा रहेको सुन तिहारमा खपत भएको महासंघले जनाएको छ । सरकारले अहिले दैनिक २० किलो सुन आयात गर्न अनुमति दिएको छ ।

**मंसिरमा के हुन्छ मूल्य ?**

बिबाहको लगनको महिना मंसिर सुरु भएसंगै बजारमा सुन चाँदीको कारोबारबारे उपभोक्ताको चासो बढेको छ । तिहार र कात्तिक महिना सकिए लगत्तै सुनको मूल्य तोलामा २ हजार ३ सय रुपैयाँले बढेको छ ।

जसका कारण मंसिरमा सुनको मूल्यलाई लिएर उपभोक्ताहरुमा चिन्ता बढेको छ । यता सुन चाँदी व्यवसायी महासंघले पनि सुनको मूल्य श्रृंखला हेर्दा मंसिरमा सुन थप महँगो हुन सक्ने आंकलन गरेको छ ।

रुस-युक्रेन र इजरायल-प्यालेस्टाईन युद्धका कारण विश्व अर्थतन्त्र प्रभावित भएको र त्यसको असर सुनको बजारमा पर्ने देखिएको महासंघका अध्यक्ष शाक्य बताउँछन् ।

अर्कोतर्फ चीन-अमेरिका व्यापारीक टसल र ब्रिक्स राष्ट्रहरुको नयाँ मुद्रा प्रचलनमा ल्याउने बहशले अहिले विश्व अर्थतन्त्र पर्ख र हेरको अवस्थामा रहेको उनी बताउँछन् ।

'डलरको बिरुद्धमा ब्रिक्सले नयाँ मुद्रा प्रचलनमा ल्यायो भने सुनको मूल्यले थप उचाई लिने देखिन्छ,' अध्यक्ष शाक्यले भने,'यो समय दक्षिण एशियामा सुनको धेरै खपत पनि हुने भएकाले मूल्य बढ्ने नै देखिन्छ ।' *(स्रोत: अनलाइनखबर)*

# मधेशका २१ सहित २३ पालिकाले बुझाएनन् बजेट विवरण

काठमाडौं, ३ मंसिर/ चालु आर्थिक वर्ष २०८०/८१ को चार महिना बितिसक्दा पनि २३ पालिकाले वार्षिक बजेट ल्याएको विवरण पेस गर्न सकेका छैनन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार गाउँसभा तथा नगरसभामा पेस भएको बजेट असार मसान्त भित्रमा पारित गरिसक्नुपर्ने हुन्छ ।

यसरी गाउँसभा तथा नगरसभामा पेस भएको तथा पारित भएको विवरण सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा अद्यावधिक गराउनुपर्ने हुन्छ । तर हालसम्म मधेश प्रदेशका २१ सहित २३ पालिकाले वार्षिक बजेट ल्याएको विवरण मन्त्रालयलाई बुझाएका छैनन् ।

सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको 'स्थानीय तहको आर्थिक वर्ष २०८०/८१ को बजेट अपडेट' विवरणअनुसार हालसम्म सात सय ३० पालिकाले मात्रै आफ्नो वार्षिक बजेट ल्याएको विवरण बुझाएका छन् ।

मन्त्रालयको विवरण अनुसार सबैभन्दा धेरै मधेश प्रदेशमा २१ पालिकाले बजेट ल्याएको विवरण बुझाएका छैनन् । त्यस्तै, कोशी प्रदेशको तेह्रथुम जिल्लाको आठराई गाउँपालिका र बागमती प्रदेशको चितवनको राप्ती नगरपालिकाले यस्तो जानकारी मन्त्रालयलाई गराएका छैनन् ।

बजेटको विवरण प्रविष्ट नगरेका पालिकालाई त्यस्तो विवरण बुझाउन मन्त्रालयले पटक-पटक परिपत्रसमेत गरेको छ । सँघीय मामिला मन्त्रालयले पहिलो पटक गत असार ३० गतै सबै पालिका तथा जिल्ला समन्वय समितिलाई पत्र पठाउँदै चालु आर्थिक वर्ष २०८०/८१ को बजेट पेस भई सम्बन्धित नगरसभा तथा गाउँसभाबाट स्वीकृत भएको विवरण अद्यावधिक गर्न भनेको थियो ।

केही पालिकाले बजेट पारित गरिसकेर पनि विवरण बुझाउन बाँकी रहेको, केही पालिकामा बजेट पेस भएको तर गाउँसभा तथा नगरसभाबाट पारित हुन नसकेकोलगायत कारण हालसम्म सबै पालिकाको विवरण अद्यावधिक हुन सकेको छैन ।

चितवनको राप्ती नगरपालिका प्रमुख प्रशासकीय अधिकृत निलमकुमार न्यौपानेले नगरसभाबाट बजेट पारित भइरकेको तर बजेट स्वीकृत भएको विवरण मन्त्रालयको पोर्टलमा प्रविष्ट हुन नसकेको बताए । त्यस्तै तेह्रथुमको आठराई गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नीराज शर्माले बजेट ल्याइसकेको भए पनि मन्त्रालयको वेवसाइटमा विवरण प्रविष्ट नभएको बताए ।

मन्त्रालयको विवरण अनुसार हालसम्म सप्तरीको कञ्चनरुप नगरपालिका, छिन्नमस्ता गाउँपालिका, महादेवा गाउँपालिका, रुपनी गाउँपालिका, औरही गाउँपालिका र भगवानपुर गाउँपालिकाले आफ्नो वार्षिक बजेट पेस गरेको विवरण बुझाएका छैनन् ।


## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



**मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ**

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।

(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**

**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना